जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्न छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !!-कवि धवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १७ • २०८२ कार्तिक २३ गते आईतवार • 9 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
Our Running Programme
Computer Class & English Language
Coaching Class
Tuition Class
Entrance Preparation
Bridge Course
-Science
-Management
-CMAT Preparation
9854025530 / 9824885783

## प्रदेशसभा बैठकमै जितेन्द्रप्रसाद सोनलद्वारा मुख्यमन्त्री पदबाट राजीनामाको घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ कार्तिक**



मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले आज प्रदेशसभा बैठकमै मुख्यमन्त्री पदबाट राजीनामा घोषणा गरेका छन् । विश्वासको मतका लागि समय तोकिएकै दिन उनले सदनमा आफ्नो पदत्याग घोषणा गरेका हुन् । मुख्यमन्त्री सोनलले विश्वासको मत नपाउने अवस्था स्पष्ट भएपछि सदनमै राजीनामा घोषणा गर्दै आजै प्रदेश प्रमुख सुमित्रा भण्डारीसमक्ष राजीनामा पत्र बुझाउने जानकारी दिएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता सोनललाई गत असोज २९ गते प्रदेश प्रमुख भण्डारीले मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । १०७ सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५४ मत आवश्यक पर्छ । तर, मतदानको दिन जनमत पार्टीका दुई सांसद सतिशकुमार सिंह र त्रिभुवन शाह अनुपस्थित रहेपछि उनको पक्षमा मत संख्यामा कमी देखिएको थियो ।

प्रदेशसभामा सत्ता गठबन्धनमा लोसपाका ८, जसपा नेपालका १८, जनमत पार्टीका १३, नेकपा (माओवादी केन्द्र) का ९ र एकीकृत समाजवादीका ७ जना सांसद रहेका छन् । नागरिक उन्मुक्ति पार्टीले सोनललाई विश्वासको मत दिने निर्णय गरेको भए पनि संघीय समाजवादी पार्टीकी सांसद बिमला अन्सारी अनुपस्थित रहिन् । यसैबीच, माओवादी केन्द्रका प्रदेश सांसद रहबर अन्सारी र माला राईले सदनमै विद्रोह गर्दै मतदानमा भाग नलिने घोषणा गरेपछि सोनल सरकारको बहुमत गुमेको निश्चित भयो ।

सदनमा उत्पन्न राजनीतिक अवस्थालाई सम्बोधन गर्दै मुख्यमन्त्री सोनलले भने, “विश्वासको मत पाउने अवस्था रहेन, त्यसैले म प्रदेश प्रमुखसमक्ष राजीनामा बुझाउने निर्णयमा पुगेको छु ।” सोनलको राजीनामासँगै मधेश प्रदेश पुनः राजनीतिक अनिश्चिततामा प्रवेश गरेको छ । अब नयाँ सरकार गठनका लागि राजनीतिक दलहरूबीच नयाँ समीकरणको प्रयास सुरु हुने अपेक्षा गरिएको छ ।

## माओवादी केन्द्रका प्रदेशसभा सदस्य रहबर अन्सारीले आफ्नै अनुहारमा कालोमोसो दले



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ कार्तिक**

मधेस प्रदेशसभाको बैठक चलिरहेको समयमा माओवादी केन्द्रका प्रदेशसभा सदस्य रहबर अन्सारीले आफ्नै अनुहारमा कालोमोसो दलेका छन् ।

मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मतका लागि प्रदेशसभा बैठक आह्वान गरेका बेला बोल्दै अन्सारीले प्रदेशसभामा रहेका कुनै पनि सदस्यमा सरकारको नेतृत्व गर्ने नैतिक आधार नरहेको भन्दै विश्वासको मत नदिने घोषणा गरे। उनले भने, “आज हामी सबैले गल्ती स्वीकार गर्ने समय आएको छ, अहिलेका हामीमध्ये कसैसँग पनि सरकारको नेतृत्व गर्ने अधिकार छैन ।” अन्सारीले जनताको मर्म र अपेक्षा अनुसार काम गर्न प्रदेशसभा असफल रहेको टिप्पणी गर्दै सबै सांसदले आत्म-आलोचना गर्नुपर्ने बताए। उनका अनुसार, वर्तमान परिस्थितिमा प्रदेशसभाबाट नै राजनीतिक निकास सम्भव छैन। अन्सारीको वक्तव्यलगत्तै माओवादी केन्द्रकै अर्की सांसद माला कर्णले पनि विश्वासको मत नदिने घोषणा गरिन् । उनले केन्द्रले नै प्रदेश सरकारका निर्णय नियन्त्रण गरिरहेकाले आफू त्यस्तो निर्णयमा बाँधिन नसक्ने बताइन्।

## कुटपिट र अभद्र व्यवहार गरेको आरोपमा दुईजना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २२ कार्तिक**



जिल्ला प्रहरी कार्यालय सप्तरीले प्रहरीमाथि कुटपिट र अभद्र व्यवहार गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।

बिहीबार प्रहरी जवान दिपकसाह सोनार बजार गस्ती ड्युटीबाट एक्लै वर्दिमा आफ्नो कोठा तर्फ जाँदै गर्दा राजविराज नगरपालिका वडा नं. ६ बस्ने २१ वर्षीय लालुकुमार चौधरी र २२ वर्षीय विशाल चौधरीले गालीगलौज गर्दै कुटपिट गरेको प्रहरी अधिकृत प्रहरी निरिक्षक प्रमोदकुमार साहले जानकारी दिनुभयो। घटनास्थलमा संलग्न दुवै जनालाई तत्कालै पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको उहाँले बताउनुभयो ।

दुवै जनामाथि अभद्र व्यवहारको कसुर मुद्दा दर्ता गरिएको छ भने जिल्ला प्रशासन कार्यालय सप्तरीले अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरेको छ । घाइते प्रहरीको उपचार जारी रहेको उहाँले जानकारी दिनुभएको छ ।

## प्रदेशसभा बैठक स्थगित भएको एक घण्टा बितिसक्दा पनि पुनः सुचारु हुन सकेन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ कार्तिक**



मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिनका लागि बोलाइएको प्रदेशसभा बैठक स्थगित भएको एक घण्टा बितिसक्दा पनि पुनः सुचारु हुन सकेको छैन। आज बसेको प्रदेशसभा बैठकबाट मुख्यमन्त्री सोनलले विश्वासको मत नपाउने देखिएपछि प्रदेशसभा बैठकबाट बाहिरिएका थिए । मुख्यमन्त्री प्रदेशसभा बैठकबाट बाहिरिएपछि लोसपाका प्रदेशसभा सदस्य उपेन्द्र महतोले प्रदेशसभा बैठक स्थगित गर्न माग गरेपछि सभामुख रामचन्द्र मण्डलले प्रदेशसभा बैठक १० मिनेटकालागि स्थगित गरेका थिए। तर १० मिनेटका लागि प्रदेशसभा बैठक स्थगित गरिए पनि पुन बैठकमा बस्न सकेन । मधेस प्रदेश सभामा सत्ता गठबन्धनका दलहरू लोसपाका ८, जसपा नेपालका १८, जनमतका १३, नेकपा माओवादी केन्द्रका ९ र एकीकृत समाजवादीका ७ सदस्यहरू छन् । तर जनमतबाट जनस्वराज पार्टीमा सनाखत गरेका निवर्तमान मुख्यमन्त्री सतिशकुमारसिंह र त्रिभुवन साह प्रदेशसभामा अनुपस्थित भए।

त्यस्तै नेपाल संघीय समाजवादी पार्टीका प्रदेससभा सदस्य विमला अन्सारी पनि अनुपस्थित छिन् । माओवादी केन्द्रका प्रदेशसभा सदस्यहरू रहवर अन्सारी र माला कर्णले सदनमै विश्वासको मत नदिने घोषणा गरिसकेका छन्।


GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय...................

## व्यवस्थालाई व्यवस्था लगाउनुपर्छ

*वर्तमान समयमा युवा र डिजिटल प्लेटफर्म एकअर्काको पर्यायजस्तै भएको छ। धेरैले ठान्छन, डिजिटल प्लेटफर्म मनोरञ्जनको साधनमात्रै रहेको देखिन्छ । तर कुरा त्यस्तो होइन। डिजिटल प्लेटफर्म त युवाको आधुनिक शिक्षाको कक्षाकोठा पनि रहेको देखिन्छ। रोजगारीको ढोका हो । आफ्नो सिर्जनात्मक क्षमता देखाउने थलो पनि हो र विश्वसँग प्रत्यक्ष सम्पर्क राख्ने भरपर्दो सेतु पनि छ । यस्तो महत्त्वपूर्ण माध्यमलाई युवा पुस्ताले सरकारको विरोध गर्ने माध्यम बनायो भनेर सरकारले डिजिटल प्लेटफर्ममाथि बन्देज लगाएर अप्रत्यक्ष रूपमा युवा पुस्तालाई निराश भएर विदेश पलायन हुन प्रेरित गरेको देखिन्छ।*

*भ्रष्टाचारले देशको अर्थतन्त्रलाई जर्जर बनायो र समाजमा आर्थिक असमानता बढायो भनेर भ्रष्टाचार नियन्त्रण र सुशासनको माग गर्ने युवालाई गोली हानेर हत्या गर्ने निर्दयी र अविवेकी सरकारले युवा पुस्तालाई देशबाटै लखेट्न खोजेको महसुस गराएको देखिन्छ । यतिमात्रै होइन, लोकतन्त्रमा पनि निरंकुशताको आभास समेत गराएको देखिन्छ। युवा पुस्ता तँछाडमछाड गर्दै बिदेसिन आतुर हुनुको पछाडि यस्तै-यस्तै कारण रहेको देखिन्छ । त्यसैले देश छाड्ने युवा दोषी होइन । बरु युवालाई आफ्नै देशमा पराया बनाउने व्यवस्थाको दोष रहेकोले यस्तो व्यवस्थालाई व्यवस्था लगाउन आवश्यक रहेको देखिन्छ।*

# जनकपुरधामस्थित जानकी माध्यमिक विद्यालयको अस्तित्व संकटमा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ कार्तिक**

नेपालकै प्राचीन शैक्षिक धरोहरमध्ये एक जनकपुरधामस्थित जानकी माध्यमिक विद्यालयको अस्तित्व संकटमा छ। कुनै समय राजधानी जनकपुरधामको शैक्षिक प्रतिष्ठाको प्रतीक मानिएको यो विद्यालय अहिले आर्थिक अभाव, अतिक्रमण र राजनीतिक हस्तक्षेपको चपेटामा परेको छ।



विद्यालयसँग करोडौं मूल्य बराबरको सम्पत्ति रहे पनि प्रशासनिक कमजोरी र प्रभावशालीहरूको मिलोमतोका कारण सम्पूर्ण जग्गा कब्जामा परेका छन्। २०२१ सालमा स्थापित जानकी मावि साकेत विहारी रामजानकी मन्दिरको भवनभित्र सुरु गरिएको थियो। तत्कालीन महन्थ मौनी बाबाले मन्दिरका सम्पूर्ण भवन र जग्गा विद्यालयका लागि दान दिएका थिए। यसअघि विद्यालय गंगासागर डिलमा रहेको झुलाघरमा सञ्चालन हुन्थ्यो।

मौनी बाबाले २०३१ सालमा तत्कालीन प्रधानाध्यापक उपेन्द्र झासँग औपचारिक मञ्जुरीनामा गर्दै विद्यालयलाई मन्दिरको सम्पूर्ण सम्पत्ति हस्तान्तरण गरेका थिए। उनले विद्यालयका हितका लागि मन्दिरको सम्पूर्ण भवन र जग्गा सुम्पेको र भगवानको मन्दिरमा पूजाआजा विद्यालयकै जिम्मामा रहने गरि हस्तान्तरण गरेका थिए। तर, आज मौनी बाबाको सपना र योगदान दुवै धूमिल भएका छन्। विद्यालयका प्रधानाध्यापक जगदीश साह भन्छन्, 'विद्यालयको आफ्नै १७ कट्ठा ७ धुर ८ कन्मा जग्गा छ। तर, सबै अतिक्रमणमा छ। हामीसँग आयस्रोत शून्य छ।

भवन चुंइदो छ। पर्खाल ढल्न लागेको छ। हामी सहयोगको प्रतीक्षामा छौं।' नापी शाखा धनुषाको अभिलेख अनुसार विद्यालयसँग जनकपुरधाम-८ र ९ मिलाएर १७ कट्ठाभन्दा बढी जग्गा छ।

तर, विद्यालयको स्वामित्वमा अहिले जम्मा ७ कट्ठा ४ धुर मात्रै बाँकी छ। बाँकी जग्गा स्थानीय र प्रभावशाली व्यक्तिहरूले अतिक्रमण गरेका छन्। सिट नं. १३५५(०७) को कित्ता नं. १०१ मा रहेको १७ धुर, १३५५(०७) को कित्ता नं. १२९ को १ कट्ठा १ कनमा र १३५५(१२) को कित्ता नं. ३७ को २ कट्ठा १ धुर १ कनमा जग्गा जनकपुरधामका 'गन्यमान्य' व्यक्तिहरूले दशकौंदेखि निजी स्वामित्वमा चलाएका छन्।

# नौ करोडको लगानीमा सिनेमा हल सञ्चालन




**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २२ कार्तिक**

लहान नगरपालिका-३ मा नौ करोडको लगानीमा सुविधा सम्पन्न सिनेमा हल सञ्चालनमा आएको छ। लहानका प्रतिष्ठित उद्योगपति मुरारका परिवार अभिनव मुरारकाले नौ करोडको लगानीमा १३८ जनाले हेर्न सक्ने सिनेमा हल निर्माण भएको जानकारी दिनुभयो। उहाँको अनुसार पश्चिममा वीरगन्ज र पूर्वमा विराटनगरमा मात्रै यस्तो सिनेमा हल रहेको छ।

यो सिनेमा हलले लहानको आन्तरिक पर्यटनमा समेत बल पुऱ्याउने उद्देश्यले सञ्चालनमा ल्याएको हो। १८ किलोमिटर दक्षिणमा रहेका भारत विहारसम्मको व्यक्तिहरू आउने अपेक्षा गरिएको छ। तीन सय, पाँच सय र नौ सय टिकट दर रहेको छ। यद्यपि, लहानमा पहिलोपटक यति धेरै लगानी र महँगो टिकटका कारण सिनेमा हल कसरी टिकाउने भन्ने चुनौती भए पनि यसलाई टिकाएर लहानको समृद्धिमा एक महत्त्वपूर्ण आयाम कायम हुनेजिल्ला उद्योग वाणिज्य सङ्घ लहान सिराहाका अध्यक्ष विकास शारडाले बताउनुभयो।




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: खानपानमा समस्या आउने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# उच्च मनोबलका साथ काम गर्न गभर्नर पौडेलको निजी क्षेत्रलाई आग्रह



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ कार्तिक**

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले उद्योगी, व्यवसायीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गरेका छन्।

शनिवार काठमाडौंमा आयोजित राष्ट्रिय आर्थिक बहस कार्यक्रममा बोल्दै उहाँले जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिलाई अवसरका रूपमा लिएर उच्च मनोबलका साथ काम गर्न निजी क्षेत्रलाई आह्वान गरेका हुन्। गभर्नर पौडेलले नयाँ व्यवसायका योजना बनाएर अघि बढ्न सकेमा केही दुर्घटना परेजस्तो देखिएको नेपालको उद्योग व्यवसाय सुधार हुने अवस्था रहेको बताए। गभर्नर पौडेलले अहिले वैधानिक सरकार रहेको र केही समयपछि जननिर्वाचित सरकार बन्ने भएकाले उद्योग क्षेत्रको विकासमा अघि बढ्नका लागि निजी क्षेत्रले निरास भएर बस्नुपर्ने अवस्था नरहेको बताए । उनले भने, "नयाँ विजनेस बनाउनुस्, उच्च मनोवलका साथ काम गर्नुस् । एउटा दुर्घटनाजस्तो भयो । तर तत्काल वैधानिक गभर्मेन्ट छ । हामीहरू सबैले तपाईंहरूसँग कम्युनिकेसनमा बसिराखेका छौं ।

यो अवसरलाई तपाईंहरूले पोजेटिभ्ली लिएर यसलाई युज गर्नतिर लाग्नुहोला। इकोनोमीमा मनोबलको एकदमै ठूलो काम हुन्छ।

# निर्देशकसँग प्रेममा छिन् अभिनेत्री सामन्था ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ कार्तिक**

दक्षिण भारतीय अभिनेत्री सामन्था रुथ प्रभुले हालै सामाजिक सञ्जालमा एक पोस्ट सेयर गरिन्, जसमा उनले यस वर्ष लिएका साहसी निर्णयहरू र अनुभवहरूका बारेमा कुरा गरेकी छिन् । तर, यस पोस्टमा सबैभन्दा बढी चर्चा उनले निर्देशक राज निदिमोरुसँग खिचेको तस्बिरलाई लिएर भयो, जसले उनीहरूको सम्बन्धको अफवाहलाई फेरि बल दिएको छ।

सामन्थाले आफ्नो फ्रेगरन्स लन्च इभेन्टको यो तस्बिर सामाजिक सञ्जालमा सेयर गरेकी थिइन्। तस्बिरमा सामन्था कालो लेस ड्रेसमा र राज कालो सुटमा देखिएका छन् ।

सामन्थाले पोस्टको क्याप्सनमा लेखे अनुसार उनले पछिल्लो डेढ वर्षमा आफ्नो करियरका केही साहसी कदमहरू चालेकी छिन् र आज उनै साना-साना जितहरूलाई उत्सव मनाउँदै छिन्। सन् २०१८ को वेब सिरिज 'द फ्यामिली म्यान २' मा सँगै काम गरेपछि सामन्था र राजबिच निकटता बढेको बताइन्छ। यद्यपि दुवैले आफ्नो सम्बन्धबारे सार्वजनिक बयान दिएका छैनन् । सामन्थाको सन् २०२१ मा नागा चैतन्यसँग सम्बन्धविच्छेद भएको थियो, भने राज निदिमोरुको पनि सन् २०२२ मा श्यामाली डेसँग सम्बन्धविच्छेद भएको रिपोर्टहरूमा उल्लेख छ ।

# यस्तो छ शनिबारका लागि विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ कार्तिक**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ५६ पैसा र बिक्रीदर १४२ रुपैयाँ १६ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ६१ पैसा र बिक्रीदर १६४ रुपैयाँ ३० पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८५ रुपैयाँ ६६ पैसा र बिक्रीदर १८६ रुपैयाँ ४४ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७५ रुपैयाँ ६५ पैसा र बिक्रीदर १७६ रुपैयाँ ४० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ७४ पैसा र बिक्रीदर ९२ रुपैयाँ १३ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ३० पैसा र बिक्रीदर १०० रुपैयाँ ७३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ६७ पैसा र बिक्रीदर १०९ रुपैयाँ १४ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २५ पैसा र बिक्रीदर नौ रुपैयाँ २९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ८८ पैसा र बिक्रीदर १९ रुपैयाँ ९६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९० पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३९ रुपैयाँ कायम भएको छ। केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ३८ पैसा र बिक्रीदर चार रुपैयाँ ३९ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रुपैयाँ ९० पैसा र बिक्रीदर ३४ रुपैयाँ ०४ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७० पैसा र बिक्रीदर नौ रुपैयाँ ७४ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ८० पैसा र बिक्रीदर १४ रुपैयाँ ८६ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ९१ पैसा र बिक्रीदर २२ रुपैयाँ ०१ पैसा तोकिएको छ।

# विशाल र मारिजे केभीआर समीट च्यालेन्ज च्याम्पियन



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ कार्तिक**

केभीआर समीट च्यालेन्ज तेस्रो संस्करणको दोस्रो चरणमा पुरुषतर्फ नेपालका विशाल राई र महिलातर्फ नेदरल्यान्ड्सकी मारिजे गुवर्टसन प्रथम भएका छन्।

ट्रेलमान्डु नेपालको आयोजनामा शनिबार भएको २१ किलोमिटरको रेसमा पुरुषतर्फको विजेता विशालले दुई घन्टा ३१ मिनेट समय लगाए। नेपालकै वीरेन्द्र पाण्डे र युगल राई दोस्रो र तेस्रो स्थानमा रहे। वीरेन्द्रले दुई घन्टा ४२ मिनेट तथा युगलले तीन घन्टा ३७ मिनेटमा दौड पूरा गरे। महिलातर्फ मारिजेले तीन घन्टा ३७ मिनेट समयसहित सबभन्दा चाँडै दौड पूरा गरिन् । स्कटल्यान्डकी जर्जिया टिन्डलेले (४:०७:५० सकेन्ड) दोस्रो र फिनल्यान्डकी सोन्या मुइतारी (४:०९:५१ सकेन्ड) तेस्रो स्थानमा रहे । स्यूचाटारबाट शुरू भएको २१ किमीको दौड गुरजे भञ्ज्याङ, शिवरी पिक, डाँडा गाउँ, गुरजे भञ्ज्याङ हुँदै सूर्यचौरमा समापन भएको थियो । ट्रेल रनिङमा नयाँ सहभागीका लागि वा विस्तारै दृश्यावलोकन गर्न चाहनेका लागि सात किलोमिटरको फन रन/हाइक पनि राखिएको थियो। सो दौड सूर्यचौरमा शुरू भएर गुरुङगाउँ, गुरजे भञ्ज्याङ हुँदै सुर्यचौरमा सकिएको थियो। सो दौडमा पुरुषतर्फ ह्याभियर गोन्जालेज मोटा (१ घन्टा १० मिनेट) पहिलो, लबिन गुरुङ (१ घन्टा ११ मिनेट) दोस्रो र समिर कार्की (१ घन्टा १२ मिनेट) तेस्रो भए । महिला वर्गमा अनिमा शेर्पा (१ घन्टा २८ मिनेट) पहिलो, फिलयोर माउन्टजोय (एक घन्टा ३० मिनेट) दोस्रो र आमानडाइन फेमी (१ घन्टा ३४ मिनेट) ले तेस्रो स्थान हासिल गरे । केभीआर समीट च्यालेन्जको दोस्रो चरणमा स्वेदेशी र दस देशका विदेशी गरी २१ किमीतर्फ एक सय १२ र ७ किमीमा ३० जना धावकले सहभागिता जनाएका थिए।




अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
महोत्तरी गाउँपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# सबै अट्ने कांग्रेस

-जेन-जी आन्दोलन र फागुन २१ को निर्वाचनको चुनौतीले दिएको अवसरलाई उपयोग गर्दै कांग्रेसले तत्काल महाधिवेशनको स्पष्ट कार्यतालिकामा नेतृत्वको वैधता सुनिश्चित गर्नुपर्छ । नेपाली कांग्रेस अहिले संगठनात्मक रूपान्तरण र आत्ममन्थनको दबाबमा छ, जहाँ युवाले ४० प्रतिशत प्रतिनिधित्व र नेतृत्वमा कार्यकालको सीमा जस्ता सुधारका एजेन्डा अघि सारेका छन् ।

दलित, आदिवासी, मधेशी लगायत सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्दै कांग्रेसलाई 'सबै अट्ने' बिग टेन्ट पार्टीमा रूपान्तरण गर्नु अहिलेको आवश्यकता हो । महाधिवेशन मार्फत नयाँ नीति, नेतृत्व र कार्यशैलीसहित जनतामा जाने प्रतिबद्धता जनाउँदै कांग्रेसले लोकतान्त्रिक शक्तिलाई एकजुट पार्न र भ्रष्टाचारमुक्त सुशासन दिन अग्रसर हुनुपर्छ । वर्तमान समयमा नेपाली कांग्रेसको राजनीतिक वृत्त एक गम्भीर आत्ममन्थन र संगठनात्मक रूपान्तरणको दबाबमा गुज्रिरहेको छ । देशले भर्खरै बेहोरेको 'जेन-जी' विद्रोह र त्यसपछिको राजनीतिक शून्यताले कांग्रेसलाई पुरानो कार्यशैली, नेतृत्वको एकाधिकार र जनताप्रतिको जवाफदेहितामाथि कठोर आत्मसमीक्षा गर्नुपर्ने घडीमा उभ्याएको छ । १५ औं महाधिवेशनको समयसीमा नजिकिँदै गर्दा पार्टीभित्रका युवा पुस्ताले एक सशक्त 'पार्टी सुधार अभियान' मार्फत आमूल परिवर्तनको एजेन्डालाई केन्द्रीय बहसका रूपमा स्थापित गरेका छन् । यो अभियान केवल भावनात्मक आन्दोलन होइन, पार्टी विधानमै युग सुहाउँदो परिवर्तनको वैधानिक आधार खोज्ने प्रयास हो । उनीहरूको मुख्य माग हो- पार्टीका हरेक तह र निर्वाचनको टिकट वितरणमा ४० प्रतिशत प्रतिनिधित्व युवालाई सुनिश्चित गरिनुपर्छ । तिनको तर्क छ- देशमा युवा जनसंख्याको ठूलो हिस्सा रहेका बेला पार्टीको नीति निर्माण तहमा पुरानै पुस्ताको निरन्तर प्रभुत्व कायम रहँदा कांग्रेसले जनभावनालाई प्रतिनिधित्व गर्न सकेको छैन । निर्वाचनमा ४० प्रतिशत टिकट युवालाई दिइने वैधानिक व्यवस्था गरिए मात्रै सीमित व्यक्तिले बारम्बार मौका पाउने पुरानो रोगको उपचार सम्भव हुनेछ । त्यसैले कांग्रेस केन्द्रीय कार्यसमिति बैठक पार्टीको आमूल सुधार र रूपान्तरणका लागि सही निर्णय गरेर अगाडि बढ्नु आवश्यक छ । यो युवा अभियानले अघि सारेको सबैभन्दा क्रान्तिकारी एजेन्डा हो- निर्वाचित पदहरूमा कार्यकालको सीमा तोक्ने प्रस्ताव । सीमित व्यक्ति नै पटक-पटक आमनिर्वाचनमा उम्मेदवार बन्ने, पार्टी र सरकारमा लाभका पद तिनैले ओगटिरहने प्रवृत्ति अन्त्य गर्न युवाले केही कडा वैधानिक व्यवस्था माग गरेका छन् ।

तिनको प्रस्ताव छ- अब एक व्यक्ति सांसद (प्रत्यक्ष वा समानुपातिक) कति पटकभन्दा बढी बन्न नपाउने, त्यो स्पष्ट व्यवस्था गरिनुपर्छ । र, यो प्रस्तावले नेपाली कांग्रेसभित्र पुस्तौंदेखि जरा गाडेको 'आजीवन राजनीतिक करिअर' र 'पटक-पटक अवसर पाउने' संस्कृतिलाई जरैदेखि उखेल्ने लक्ष्य राखेको छ । अब राजनीतिमा नयाँ, योग्य र इमानदार व्यक्तिका लागि ढोका खुल्नेछ र नेतृत्व जनभावना र कार्यकर्ताप्रति जवाफदेही बनिरहनेछ । पार्टी र सरकार सञ्चालन गर्ने व्यक्ति



फरक-फरक हुनुपर्ने माग पनि अघि सारिएको छ, जसले शक्ति सन्तुलन कायम गर्न र पार्टीलाई सरकारको छायाबाट मुक्त गर्न मद्दत गर्नेछ । नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठक गत असोज २८ देखि सुरु भएर बीचमा तिहार र छठका कारण स्थगित भई हाल पुनः बसिरहेको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा चलिरहेको यो बैठकमा 'जेन-जी' प्रदर्शनपछिको राजनीतिक अवस्था र पार्टीको भूमिकामाथि गहन छलफल भइरहेको छ । जेन-जी आन्दोलनले बाहिरबाट दिएको दबाब र पार्टी सुधार अभियानले भित्रबाट सिर्जना गरेको दबाबबीच केन्द्रीय कार्यसमितिले अब ठोस सुधारका एजेन्डा पारित गर्नुपर्छ । सभापति शेरबहादुर देउवाको वर्तमान कार्यकाल मंसिरभित्रै सकिँदै छ ।

यस अवस्थामा विशेष महाधिवेशन मागसहित महाधिवेशन प्रतिनिधि (५४ प्रतिशतभन्दा बढी) ले हस्ताक्षर बुझाएका छन् । अहिलेको मुख्य चुनौती हो- पार्टीलाई कसरी एकजुट पारेर लैजाने ? पार्टीभित्र सबैखाले अभिमत सम्मान गरिनुपर्छ । बहुमतको डन्डा चलाउन खोजे पार्टी विभाजित हुन सक्ने खतराबारे पनि सचेत रहनुपर्छ । रूपान्तरणको अपरिहार्यता: अन्तरिम सरकारले प्रतिनिधिसभाको नयाँ निर्वाचन फागुन २१ मा गर्ने घोषणा गरेको छ । तोकिएकै मितिमा चुनाव गराउन प्राविधिकभन्दा सुरक्षासम्बन्धी चुनौती बढी गम्भीर छन् । हजारौं कैदीबन्दी जेलबाहिर छन्, ठूलो मात्रामा हातहतियार लुटिएको छ । यो स्थिति सम्बोधन गर्न सरकारले जुन तत्परता र क्षमता देखाउनुपर्ने हो, त्यो देखिएको छैन । त्यसैले प्रतिनिधिसभा चुनावभन्दा ताजा जनादेश लिनेतर्फ कांग्रेस अघि बढ्नुपर्छ ।

यसै वर्षको सुरुमा काठमाडौंमा आयोजित राष्ट्रिय दलित गोलमेच सम्मेलनले नेपालका प्रमुख राजनीतिक दलहरूले सदियौंदेखि हेपिएका दलित समुदायलाई तिनको हक सुनिश्चित गर्नु सट्टा भोट बैंकका रूपमा आफूलाई प्रयोग गरिरहेको ठहर गरेको थियो । लामो समय पहिचानको लडाइँ लडेको आदिवासी-जनजातिले आफ्नै समुदायको नेतृत्व चाहेको देखिन्छ भने मधेशी, थारू, मुसलमानलगायतका समुदायले पनि ठूला राजनीतिक दलहरूले आफ्ना समस्यालाई पर्याप्त सम्बोधन नगरेको गुनासो गरिरहेका छन् । मुलुकको सार्वभौम अस्तित्व र संविधानमाथि जुन संकट देखिएको छ, धेरै दल गठन गरेर वा छुट्टाछुट्टै चुनाव लडेर त्यो समाधान गर्न सकिँदैन ।

साभार : कान्तिपुर ।



अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday